## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्र. केशव वहादुर सुनार समेत (वि.अ. को मु.नं. ०७९-CR-०१०५), वि.अ. को फैसला मिति २०८०।०९।२६ | गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको | **ठुलीभेरी नगरपालिकाका तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, ऐ . नगरपालिकाका तत्कालिन ईन्जिनियर बसन्त रोकाया रऐ नगरपालिकाका.तत्कालिन सव-:ईन्जिनियर शिवराज शाहीको हकमा**<br>निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (१) (ग) र (ङ) वमोजिमको कसुर गरेको देखिएकोले प्रतिवादीहरु ठुलीभेरी नगरपालिकाका तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, ऐ.नगरपालिकाका तत्कालिन ईन्जिनियर बसन्त रोकाया र ऐ.नगरपालिकाका तत्कालिन सव-ईन्जिनियर शिवराज शाहीलाई उल्लेखित कसूरमा विगो रु.२०,३०,११९।५२ (विस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद तथा जरिवानाको सजाँय हुन साथै विगो रकम रु.२०,३०,११९।५२ (विस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा)मध्ये रु.१५,८७,६४७।-(पन्ध्र लाख सतासी हजार छ सय सडचालिस) सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको विगो रकम रु.४,४२,४७२।५२ (चार लाख बयालिस हजार चार सय बहत्तर रुपैयाँ बाउन्न पैसा) निज प्रतिवादीहरुबाटै ऐ. ऐनको दफा ८(१) बमोजिम असुल उपर हुन मागदावी लिइएको देखिन्छ। | फैसल<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट प्रतिवादीहरु उपरको अभियोजित आरोप स्थापित हुन नसकेको अवस्था देखिएकोले प्रतिवादीहरु केशव बहादुर सुनार समेतले आरोपित कसुरबाट सफाई पाउने ठहरी विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।०९।२६ मा फैसला भएको अवस्था छ।<br>**विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः**<br>(क) प्रस्तुत मुद्दामा ०७४/०७५ सालको ट्र्याक खोल्ने बाटो ०७७/०९/१२ मा मात्र नापी गरिंदा कामको अन्य परिमाणमा फरक आउने अबस्था स्वभाविक हुने र बढी भुक्तानी लिएको रकम नगरपालिकाको राजश्व खातामा उपभोक्ता समितिले दाखिला गरिसकेको हुँदा प्रतिवेदनको आधारमा मात्र प्रतिवादीहरु उपरको अभियोजित आरोप स्थापित गर्न | क) प्रस्तुत मुद्दामा ठुलीभेरी नगरपालिका वडा नं. ७ स्थित तलिकुला देखि लादीछरा हुँदै जिउजाने मोटरबाटोको ट्र्याक ३४६५ मिटर खोलिएको, नापी किताबमा ३२००.०० मिटर लम्वाई मात्र उल्लेख भएको छ। आयोगबाट खटिएको नापी टोलीले गरेको नापजाँच प्रतिवेदनमा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting गर्ने कार्यमा बास्तविक फिल्डमा भन्दा नापी किताबमा बढी परिमाण जनाई ठुलीभेरी नगरपालिकाले व्यहोर्नु पर्ने ८०% ले हुने रकम रु. ३८,००,०००।-(अडतिस लाख रुपैंयाँ) भुक्तानी दिने लिने कार्य गरी रु.२०,३०,११९।५२ (बीस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) बदनियतपूर्वक तरिकाले बढि भुक्तानी गरी ठुलीभेरी नगरपालिकालाई हानीनोक्सानी पुऱ्याएको देखिएकोले प्रतिवादीहरुलाई आरोपदाबी बमोजिम कसूर कायम गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला वदर गरीपाउँ ।<br>ख) प्रतिवादीहरुले उपभोक्ता समितिलाई वढी भुक्तानी दिने वदनियतपूर्ण उद्धेश्यवाट प्रेरित भई फिल्डमा भएको वास्तविक काम भन्दा वढी नापी कितावमा उल्लेख गरी रु.२०,३०,११९/५२ रुपैया वरावरको काम नै नभएको रकम उपभोक्ता समितिको खातामा भुक्तानी दाखिल गरेको तथ्य मिसिल संलग्न नापी किताव समेतवाट प्रमाणित भएको देखिन्छ।प्रस्तुत मुद्दामा उजुरी परी अनुसन्धान शुरु भएपश्चात रु.१५,८७,६४७ रुपैया दाखिल गरेको तथ्य समेत पुष्टि भएको छ। वढी भुक्तानी भएको रकम रु.२०,३०,११९/५२ मध्ये रु.१५,८७,६४७ दाखिल गरेकोले वाकी रु.४,४२,४७२/५२ विगो कायम गरी निज प्रतिवादीहरु उपर अभियोगपत्र दायर भएकोमा उक्त रकम यि प्रतिवादीहरुले दाखिल गरेको अवस्था छैन भने सो रकम वापतको काम भएको अवस्था पुष्टी हुन आएको पनि देखिदैन।करिब तीन वर्ष पछि प्राविधिक रुपमा नापजाच गर्दा वर्षाका कारण सो बाटो भत्किन सक्ने, पुरिन सक्ने, कतै वर्षातको पानीले पहिरिन वा साँगुरिन सक्ने हुँदा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting तर्फको परिणाममा केही फरक पर्न सक्ने सम्भावना नजरअन्दाज गर्न नमिल्ने भन्ने विशेष अदालतको फैसलाको आधारलाई मध्यनजर गर्दा पनि उक्त निर्माण स्थलमा वर्षाको कारण पहिरो जाने भत्कने समेतको कार्यवाट नोक्सानी भएको भन्ने तथ्य पुष्टी हुने कुनै प्रमाण पेश हुन सकेको पनि देखिदैन । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीहरु मध्ये फिल्डमा निर्माण भएको भन्दा रु. २०,३०,११९।५२ (विस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा)अन्तिम विलमा बढि काम गरेको भनि ऐ. नगरपालिकाका तत्कालिन सव-ईन्जिनियर शिवराज शाही र तत्कालिन ईन्जिनियर बसन्त रोकायाले गलत अन्तिम विल तयार गरेको र तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत केशव वहादुर सुनारले उक्त प्रतिबेदनलाई प्रमाणित गरी सोही अन्तिम विलको आधारमा रु.२०,३०,११९।५२ (विस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) बढि भुक्तानी समेत भएको देखिदा निज प्रतिवादीहरुले गलत प्रतिबेदन तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको समेत कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम समेत सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>**(ख ठुलीभेरी नगरपालिका वडा नं. ७ स्थित तलीकुला लादीछरा हुँदै जिउसम्म मोटरबाटो निर्माण योजनाको अनुगमन समितिका पदाधिकारीहरु कर्ण बहादुर रोकायाकाली , टोप बहादुर चन र ,सार्कीठुलीभेरी नगरपालिका वडा नं. ७ का तत्कालिन वडा अध्यक्ष डिल विक्रम शाहीका हकमाः**<br>ठुलीभेरी नगरपालिका डोल्पाबाट ठुलीभेरी नगरपालिका वडा नं. ७ स्थित तलीकुला लादीछरा हुँदै जिउसम्म मोटरबाटो निर्माण योजना निरीक्षण तथा अनुगमन समितिका सदस्यहरु कर्ण बहादुर रोकाया, काली सार्की र टोप वहादुर चनले भएको वास्तविक काम भन्दा बढी काम भएको भनी नभएको काम समेत भएको भनि नभए नगरेको कुरा देखाई | मिल्ने अवस्था नरहेको।<br>(ख) करिब तीन वर्ष पछि प्राविधिक रुपमा नापजाच गर्दा वर्षाका कारण सो बाटो भत्किन सक्ने, पुरिन सक्ने, कतै वर्षातको पानीले पहिरिन वा साँगुरिन सक्ने हुँदा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting तर्फको परिणाममा केही फरक पर्न सक्ने सम्भावना नजरअन्दाज गर्न नमिल्ने। | दैविक प्रकोप परेको तथ्य उल्लेख गरी प्रतिवादीहरुले सम्वद्ध प्रहरी कार्यलयमा तथा निकायमा तत्काल निवेदन दिएको रेकर्ड अभिलेख गरेको अवस्था समेत देखिदैन । यसरी दैवी प्रकोप परी क्षति भएको तथ्य प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणवाट नदेखिएको अवस्थामा केवल अनुमानको आधारमा मात्र दैविक प्रकोपको आधार जनाई प्रतिवादीहलाई सफाई दिनेगरी भएको फैसला त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउ।<br>ग) प्रतिवादीहरुको बदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुरा भन्दा फरक, लुकेको र हानिकारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसाय अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय वा अरूलाई हानि पुर्‍याउने मनसाय रहे भएको भन्ने अवस्थालाई बुझाउँछ प्रस्तुत मुद्दामा प्रतिवादीहरुले जानी जानी बदनियतका साथ बास्तविक फिल्डमा भन्दा नापी किताबमा बढी परिमाण जनाई ठुलीभेरी नगरपालिकाले व्यहोर्नु पर्ने ८०% ले हुने रकम रु. ३८,००,०००।-(अडतिस लाख रुपैयाँ) भुक्तानी दिने लिने कार्य गरी रु.२०,३०,११९।५२ (बीस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) बदनियतपूर्वक तरिकाले बढि भुक्तानी गरी ठुलीभेरी नगरपालिकालाई हानीनोक्सानी पुर्‍याएको देखिएकोले गरिरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी छ ।<br>घ) प्रतिवादीहरुले नापी कितावमा वढी काम गरेको देखाई भुक्तानी दिएको रु. २०,३०,११९।५२ (बीस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) मध्ये रु.१५,८७,६४७ अनुसन्धानको क्रममा दाखिल गरेको देखिंदा कामै नभएको अवस्थामा वढी काम देखाई वढी भुक्तानी गरेको तथ्यलाई प्रतिवादीहरुले स्विकार गरेकै देखिन आयो। बढी भुक्तानी दिएको रकम मध्ये रु.४,४२,४७२/५२ निज प्रतिवादीहरुले दाखील गरेको कुनै प्रमाण पेश गर्न सकेको अवस्था छैन र उक्त रकम बुझाउनु पर्ने होईन भनी प्रतिवादीहरुले वस्तुनिष्ठ प्रमाण सहित खण्डन गर्न सकेको अवस्था पनि प्रस्तुत मुद्दामा देखिदैन। प्रतिवादीहरुले तिर्नु वुझाउनुपर्ने पर्ने रकम रु.४,४२,४७२/५२ को हकमा अदालत आफैले दैवीकप्रकोप, वाढी, पहिरोसमेतको अनुमान गरी कसुरवाट उन्मुक्ति दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदरभागी छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदाललतवाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) मा :" भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मिति २०७५/०३/११गते गलत प्रतिवेदन पेश गरेको देखिन आएको एवं ऐ.नगरपालिका वडा नं. ७ का तत्कालिन वडा अध्यक्ष डिल विक्रम शाहीले फिल्डमा नभएको कामलाई भएको भनि गलत सिफारिस गरी सोही सिफारिस समेतको आधारमा नगरपालिकाबाट उक्त योजनालाई रु. २०,३०,११९।५२ (विस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) बढि भुक्तानी भएको देखिएको हुँदा निज प्रतिवादीहरु तलीकुला लादीछरा हुँदै जिउसम्म मोटरबाटो निर्माण योजना निरीक्षण तथा अनुगमन समितिका सदस्यहरु कर्ण बहादुर रोकाया, काली सार्की, टोप वहादुर चन र वडा नं. ७ का तत्कालिन वडा अध्यक्ष डिल विक्रम शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम सजांय हुन मागदावी लिईएको देखिन्छ।<br>**अध्यक्ष मानसिंह कामी, कोषाध्यक्ष राज कुमारी शाही र सचिव ज्ञानेन्द्र विक्रम शाहीको हकमाः**<br>तलीकुला लादीछरा हुँदै जिउसम्म मोटरबाटो निर्माण उपभोक्ता समितिका अध्यक्ष मानसिंह कामी, कोषाध्यक्ष राज कुमारी शाही र सचिव ज्ञानेन्द्र विक्रम शाहीले सो योजनामा ठुलीभेरी नगरपालिकासँग गरेको संझौता एवं शर्त विपरित काम नै नगरी रु. २०,३०,११९।५२ (विस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) खाने मास्ने उदेश्य लिई रकम हिनामिना गरी सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हानी नोक्सानी पुऱ्याईएको हालसम्मको अनुसन्धानवाट देखिन आएको र प्रतिवादीहरुको उल्लेखित कार्य भ्रष्टाचार | | दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित सिद्धान्तको आधारमा समेत उक्त फैसला त्रुटीपूर्ण भई वदरभागी रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर भएको देखिएकोले उक्त रकम रु. २०,३०,११९।५२ (बिस लाख तिस हजार एक सय उन्नाईस रुपैयाँ बाउन्न पैसा) लाई बिगो कायम गरी निज प्रतिवादीहरु मानसिंह कामी, राज कुमारी शाही र ज्ञानेन्द्र विक्रम शाहीलाई सोही ऐनको दफा ८(४) बमोजिम सजाँय गरी उल्लेखित रकम मध्ये रु.१५,८७,६४७।-(पन्ध्र लाख सतासी हजार छ सय सडचालिस) प्रतिबादीहरुले सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको बिगो रकम रु. रु.४,४२,४७२।५२(चार लाख बयालिस हजार चार सय बहत्तर रुपैयाँ बाउन्न पैसा) निज प्रतिवादीहरुबाटै ऐ.ऐनको दफा ८(४) बमोजिम जफत हुन मागदावी लिइएको देखिन्छ। | | |